# सिस्ने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

# औषधीजन्य मालसामान तथा उपकरण खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सूचना नं. २१/२०७६/०७७
प्रथम पटक प्रकाशन मिति: २०७६/०९/१६

सिस्ने गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि आ.व. ०७६/०७७ मा निशुल्क वितरणका लागि आवश्यक पर्ने औषधीजन्य मालसामान तथा उपकरणहरु खरिद गर्ने प्रयोजनको लागि यो शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। उक्त कार्य गर्न इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, वा कम्पनीले सूचनामा तोकिएको म्याद भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

**शर्तहरु:**

१. कार्यालयको सूचना प्रकाशित भएको मितिले १५औं दिन कार्यालय समय भित्र रु. १,०००/- (अक्षेरुपी एक हजार पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगद बुझाइ वा यस सिस्ने गाउँपालिकाको नाममा नेपाल बैंक लिमिटेड, रुकुमकोट शाखामा रहेको संचित खाता नं. १८९०३००००००००५००१००४ मा रकम जम्मा गरेको सक्कल भौचर बुझाई दरभाउ पत्र खरिद गर्न सकिनेछ। दरभाउपत्र खरिद गर्नको लागि निवेदकले नवीकरण गरिएको सम्बन्धित विषयको कारोबार गर्न इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फार्म दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र आएर दर्ता प्रमाण पत्र तथा म्याद दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी निवेदन पेश गर्नुपर्नेछ।

२. सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र दरभाउपत्र रीतपूर्वक भरी यस कार्यालयमा शिलबन्दी गरी दर्ता गरी दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएको दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्रहरु खोल्न बाधा पर्नेछैन। दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन बिदाको दिन पर्न गएमा सो सम्बन्धी कार्य तत्पश्चात कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानि गरिनेछ।

३. शिलबन्दी दरभाउपत्र दर्ता गर्दा शिलबन्दी दरभाउपत्र धरौटी बापत कबोल अंक रकमको २.५% ले हुन आउने रकम सिस्ने गाउँपालिकाको नाममा रहेको ने.बै.लि. रुकुमकोट स्थित धरौटी खाता नं. १८९०३०००००००००३००००००४ मा दाखिला गरेको सक्कल बैंक भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ। दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत बैंकको ५% बराबरको रकम सम्झौता गर्नु अगावै धरौटि खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा मान्यता प्राप्त नेपाल बैंक बाट जारी भएको पर्फरमेन्स पेश गर्नुपर्नेछ।

४. दरभाउपत्रदाताले कबुल गरेको प्रत्येक आइटमको दररेटलाई अंक र अक्षरमा प्रस्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता आएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ। दरभाउपत्र फारममा केरमेट भएको ठाउमा सहिछाप नगरेको पाइएमा मान्यता दिइने छैन।

५. दरभाउपत्रदाताले आफुले खरिद गरेको दरभाउपत्र शिलबन्दी गरी दर्ता गराउनुपर्नेछ। फोटोकपि गरी पेश गरेको दरभाउ पत्रलाई मान्यता दिइने छैन। यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन साथै दरभाउपत्रमा कुनै सर्त राखी पेश गरेमा मान्य हुनेछैन। रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

६. दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समय अवधिभित्र औषधी तथा उपकरण सामाग्रि बुझाउनु पर्नेछ र सम्पूर्ण करहरु दरभाउपत्रदाताले नै बेहोर्नु पर्नेछ।

७. सप्लाइ हुने औषधि WHOGMP सर्टिफिकेट प्राप्त कम्पनीहरुबाट उत्पादित भएको हुनुपर्ने र प्रत्येक प्याकेट उत्पादन मिति म्याद समाप्त मिति र ब्याज नम्बर स्पस्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ। साथै सप्लाइ गर्ने औषधिको म्यादको सम्बन्धमा उक्त औषधिको manufacturing date बाट expiry date कम्तिमा १८ महिना बाँकि हुँदा स्टोर दाखिला हुनुपर्नेछ। सो भन्दा घटि म्याद भएको औषधिहरु कुनै पनि हालतमा बुझिलिने छैन तर कुनै औषधिको जम्मा expiry date १८ महिनाभन्दा कम हुने अवस्थामा जम्मा expiry date को ७५% म्याद बाँकि हुँदा दाखिला गर्न सकिनेछ।

८. मुल्य अभिबृद्दि कर लाग्ने आइटमको दररेट उल्लेख गर्दा मूल्य अभिबृद्दि कर बाहेकको उल्लेख गर्नुपर्नेछ।

९. दरभाउपत्र फारम साथ आफुले सप्लाइ गर्ने औषधि तथा उपकरण सामाग्रिको नमुना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

१०. दरभाउपत्र स्वीकृत गर्दा आइटम वाइज स्वीकृत नगरी प्याकेजको रुपमा स्वीकृत गर्नेछ।

११. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

१२. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

१३. दरभाउपत्र सम्बन्धित अन्य केहि कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र ०८८-४१३०६४ वा वेबसाइट sisnermun@gmail.com मा बुझ्न सकिनेछ।

**तपशिल**

| बोलपत्र नं. | कार्य विवरण | अनुमानित लागत रु. (मु.अ.कर सहित) | दरभाउपत्र दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|
| ०१/०७६/०७७ (स्वास्थ्य) | निशुल्क वितरणको लागि औषधि खरिद | ८,५०,०००/- (आठ लाख पचास हजार) | १,०००/- | कबोल अंक रकमको २.५% हुन आउने रकम |

**विमला रोका श्रेष्ठ**
**(प्रमुख प्रशासकीय अधिकृत)**